# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसमार्ग, चितवन
बागमती प्रदेश, नेपाल


प.स.०८१/०८२
च.न.

सुचना प्रकाशित मिति २०८२/०२/१४

विषयः- दरभाउ पेश गर्ने सम्बन्धि सूचना।।।

प्रस्तुत विषयमा कालिका नगरपालिकाको आ.व. ०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका भित्रका विपन्न एकल महिलाहरु र मध्यम अपाङ्गता (ग वर्ग) परिचय पत्र भएका व्यक्तिहरुको आय आर्जनमा टेवा पुर्याउने उद्देश्यले प्रजनन् योग्य बाख्राको पाठीहरु वितरण गरिने कार्यक्रम भएकोले सेवा प्रदायकको रुपमा इच्छुक पशु फर्म / पशु सम्वन्धि कारोवार गर्ने संस्थाहरुले प्रजनन् योग्य बाख्राको पाठीको प्रति के.जी. लाग्ने शुल्क (कर समेत) रितपुर्वक मिति २०८२/०२/२० गते कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न गरी खामवन्दी दरभाउ पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

| सि.न. | बाख्राको जात | प्रति के.जी.रु. (कर समेत) | कैफियत |
|---|---|---|---|
| १. | स्थानीय खरि जातको बाखा | | कालिका नगरपालिका कार्यालय सम्म ढुवानी गर्न लाग्ने खर्च समेत |

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. फर्मले कबोल गरेको प्रति के.जी. वापतको रकम किटान गरेको निवेदनको सक्कल साथै आधिकारिक कार्यालय, सम्पर्क नम्वर, इमेल, ठेगाना ।

२. फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपी-१ प्रति।

३. पान/भ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति। ।

४. स्थानीय तहमा सूचीकृत गरेको पत्रको प्रतिलिपी -१ प्रति।

५.आ.व.०८०।०८१ को करचुक्ता गरेको प्रतिलिपी -१ प्रति।

२०८२/२/१४

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः सूचना प्रविधि शाखा, नगरपालिकाको वेवसाइटमा सूचना प्रेशित गरिदिनु हुन।


फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np